# सामुदायिक विद्यालयमा नैतिक तथा सीप शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

## सामुदायिक विद्यालयमा नैतिक तथा सिप शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

प्रस्तावना:

प्रदेश भित्र सञ्चालन भएका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुमा व्यवसायिक सीपको विकास गर्न र विद्यार्थीहरुमा नैतिक मूल्य मान्यताको विकास गराइ विद्यालय तह देखि संस्कारयुक्त शिक्षण सिकाइमा सहयोग गर्ने उद्देश्यले सञ्चालन हुने **विद्यालय तहमा नैतिक तथा सिप शिक्षा प्रवर्द्धन कार्यक्रम** सहज र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले प्रदेश विनियोजन ऐन २०८३ को दफा ११ को उपदफा (२) बमोजिम प्रदेश सरकारले यो कार्यविधि बनाएको हो।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "**सामुदायिक विद्यालयमा नैतिक तथा सीप शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३**" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "नैतिक तथा सीप शिक्षा कार्यक्रम" भन्नाले आर्थिक वर्ष २०८३।०८४ को लागि स्वीकृत वार्षिक कार्यक्रम " सामुदायिक विद्यालयमा नैतिक तथा सीप शिक्षा कार्यक्रम" सम्झनु पर्दछ ।

(ख) "**प्रदेश सरकार**" भन्नाले बागमती प्रदेश सरकारलाई सम्झनु पर्दछ।

(ग) "विद्यालय" **भन्नाले** बागमती प्रदेश भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ ।

(घ) "निर्देशनालय" भन्नाले स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय अन्तर्गत शिक्षा विकास निर्देशनालय सम्झनु पर्दछ।

(ङ) "मन्त्रालय" **भन्नाले** वागमती प्रदेश सरकारको स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ।

(च) "स्थानीय तह" **भन्नाले** बागमती प्रदेशभित्र रहेका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाँउपालिका समेतलाई सम्झनु पर्दछ।

(छ) "नैतिक शिक्षा" **भन्नाले** दफा ४ बमोजिम निर्धारित विद्यालय तहमा नैतिक मूल्य मान्यताको प्रवर्द्धन गर्ने शैक्षिक कार्यक्रम सम्झनु पर्दछ।

(ज) "सिप शिक्षा" **भन्नाले** व्यावसायिक सिप र ज्ञानको संयोजन सहितको दफा ५ बमोजिमको कार्यक्रम सम्झनु पर्दछ।

## परिच्छेद-२

## कार्यक्रमको उद्देश्य र शैक्षिक कार्यक्रम

३. **उद्देश्यः** (१) कार्यक्रमको प्रमुख उद्देश्य विद्यालय तहमा नैतिक तथा सिप शिक्षाको प्रवर्द्धन गर्न सहयोग गर्नु हो।

(२) कार्यक्रमका अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः-

(क) सामुदायिक विद्यालयमा नैतिक तथा सिप शिक्षाको प्रवर्द्धनका लागि शैक्षिक कार्यक्रम निर्धारण गर्नु

(ख) कार्यक्रम सञ्चालनका लगि विद्यालय छनोट र सञ्चालन प्रक्रिया तय गर्नु

(ग) नैतिक तथा सिप शिक्षा प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि पाठ्यक्रम/पाठ्यसामग्रीहरुको विकास गर्नु

(घ) विभिन्न विधागत क्षेत्रमा छोटा सिपमूलक तालिम सञ्चालन गरी विद्यार्थीमा सिप र श्रमप्रति सम्मान र सकारात्मक मनोवृत्ति विकास गरि स्वावलम्वी वनाउन सहयोग गर्ने

(ङ) कार्यक्रम सञ्चालनमा संलग्न हुने सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु ।

४. **नैतिक शिक्षा प्रवर्द्धन कार्यक्रमः** (१) विद्यालय तहमा नैतिक मूल्य मान्यताको प्रवर्द्धन गर्ने शैक्षिक कार्यक्रमको रुपमा रहनेछ।

(२) यस कार्यक्रम अन्तर्गत प्रधानाध्यापकहरुको लागि अभिमुखीकरण कार्यक्रम र शिक्षकहरुको लागि क्षमता अभिवृद्धि तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

(३) शिक्षण सिकाइ र अतिरिक्त क्रियाकलाप मार्फत नैतिक मूल्य मान्यता प्रवर्द्धन गर्न शिक्षकहरुको लागि पाठ्य/स्रोत सामग्रीको विकास गरिनेछ।

(४) विद्यार्थीहरुमा नैतिक मूल्य मान्यता, मानव मूल्य र संस्कारसहितको शिक्षाको आधारभूत ज्ञान, सीप र मूल्य मान्यता हासिल गर्न सहयोग पुग्ने विषयवस्तु छनोट गरि सामग्रीहरुको विकास र प्रवोधिकरण गरिनेछ।

(५) कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका स्थानीय तह र विद्यालय तहमा विद्यमान शैक्षिक संरचना र प्रणालीलाई नै परिचालन र उपयोग गरिनेछ। प्रदेश सरकारका नमुना तथा आवासिय विद्यालयमा तहाँको आवश्यकता पहिचान, प्रोफाइल विकास, तालिम र अनुगमन लगायतका कार्यहरु गर्न स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारीमा सञ्चालन गर्न सहयोग गरिनेछ ।

(६) अतिरिक्त क्रियाकलाप र विषयगत शिक्षण सिकाइमा नैतिक मूल्य मान्यता र सीपहरुको प्रवर्द्धन हुने व्यवस्था गरिनेछ।

डा. कञ्चन चन्द्र बादे
मन्त्री

५. **सीप शिक्षा कार्यक्रमः** (१) यस कार्यक्रमलाई आर्थिक वर्ष २०८२/०८३ मा शुरू गरि प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गरेको विद्यालयमध्ये प्रदेश सरकारका नमुना तथा आवासिय विद्यालयमा चालु आर्थिक वर्षमा समेत निरन्तरता हुने गरी सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

(२) यस कार्यक्रम अन्तर्गत प्रधानाध्यापकहरुको लागि अभिमुखीकरण कार्यक्रम र शिक्षकहरुको लागि क्षमता अभिवृद्धि तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

(३) विद्यालय तह देखिनै विद्यार्थीहरुमा सीप शिक्षाको विकासका लागि धारभूत ज्ञान र सीप हासिल गर्न सहयोग पुग्ने विषयवस्तु छनोट गरि सामग्रीहरुको विकास र प्रवोधिकरण गरिनेछ।

(४) कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका विद्यालयले कक्षा ११ का विद्यार्थीहरुलाई स्थानीय आवश्यकता र विद्यार्थीहरुको चाहना र सम्बन्धित प्रशिक्षकहरुको उपलब्धताका आधारमा तालिमको विषय छनोट गरी १०० घण्टा बराबरको सीपमूलक तालिम सञ्चालन गर्ने व्यवस्था गरिनेछ। प्रत्येक उपसमूहको सिकाइका लागि वार्षिक कार्यघण्टा १०० हुनेछ। जसमा ७५ घण्टा प्रशिक्षकको प्रत्यक्ष सहजीकरणमा र २५ घण्टा बराबरको परियोजना कार्य गराउनु पर्नेछ ।

(५) प्राविधिक सिप र ज्ञानको संयोजन सहितको कार्यक्रमनै शिक्षामा सिप कार्यक्रम भएकोले विद्यार्थीहरूमा दैनिक व्यावहारिक जीवनमा उपयोगी हुने विभिन्न प्राविधिक सिपप्रति अभिमुखीकरण प्रदान गरिने छ। यो कार्यक्रम हाल कक्षा ११ मा मात्रै सञ्चालन गरिनेछ । विद्यार्थीको उपसमूह गठन गर्दा सामान्यतया ३०/३५ जनासम्मको समूह गठन गर्न सकिने छ।

६. **सिप शिक्षाको विषयक्षेत्र :-** (१) सामुदायिक विद्यालयमा सीप शिक्षा कार्यक्रममा देहाय वमोजिमका विषयक्षेत्र समेटन सकिनेछः-

(क) विद्यालयहरूमा **House wiring & Electrician, Beautician & hairstyle, Mobile & Electronic,** पाककला, फेसन डिजाइन एवं सिलाइ, प्लम्बिङ, फर्निचर एवं काठको काम, चित्रकला र मूर्तिकला, कृषि लगायतका विषय क्षेत्रसँग सम्बन्धित सीपहरुको विकासमा जोड दिनु पर्नेछ।

(ख) काठमाडौं महानगरपालिकाले विकास गरी कार्यान्वयनमा ल्याएका सीपमूलक/व्यवसायिक शिक्षा सम्बन्धी विभिन्न विषय क्षेत्रका पाठ्यक्रम तथा मोडुलहरुलाई विद्यालय/समुदायको आवश्यकता अनुरुप सञ्चालन गर्न सकिनेछ ।

(ग) विद्यालयले बजारको माग अनुसारको व्यावसायिक सीपसँग सम्बन्धित विभिन्न सिपहरुको पहिचान गरी सञ्चालन गर्न सकिनेछ।

(घ) सामुदायिक विद्यालयमा सीप शिक्षा कार्यक्रमका लागि अनुसूची २ बमोजिम विषयक्षेत्र र तालिमको विषयवस्तु रहनेछ।

७. **नैतिक शिक्षाका विषय क्षेत्रः-** (१) नैतिक शिक्षा सम्बन्धी मूल्य मान्यता प्रवर्द्धनका लागि देहाय वमोजिमका विषय क्षेत्र समेटन सकिनेछ।

(२) नैतिक र नैतिकता शिक्षा, मूल्य मान्यता र संस्कारयुक्त शिक्षा

(३) विशेष गरेर नैतिक मूल्य मान्यता, नैतिकता र आचारण, सदाचार, अनुशासन, पञ्चशीलका सिद्धान्तहरु, संवाद, समानुभूती र मानवीय मूल्यलगायतका विषयवस्तुहरु समावेश गरी शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी कार्यान्वयन गरिनेछ।

(४) शिक्षण सिकाइमा रुपान्तरकारी विधि अवलम्वन गरिनेछ ।

(५) विद्यालय तहको लागि तयार गरिने स्रोत सामग्रीमा सामाजिक र न्यायगत विषय (सामाजिक न्याय र समानता सम्बन्धी), परियति ,ध्यान शिक्षा र पूर्वीय दर्शनका विविध पक्ष एवम् नैतिक शिक्षामा पूर्वीय दर्शनसँग सम्बन्धी विषयवस्तु समावेश गर्ने

(६) नैतिक मूल्य मान्यता एवम् नैतिकतासँग सम्बन्धित विषयवस्तु शिक्षण सिकाइमा सैद्धान्तिक पक्षलाई भन्दा व्यवहारिक पक्षमा जोड दिने

(७) Cyber ethics लगायतका अन्य महत्वपूर्ण विषयहरु ।

८. **कार्यक्रम सञ्चालनका लागि सामग्री-** (१) नैतिक तथा सिप शिक्षा कार्यक्रम सञ्चालनका लागि देहायका सामग्रीहरुको विकास गरिनेछः-

क) कार्यक्रमको लागि पाठ्यक्रम/स्रोतसामग्री

ख) नैतिकता एवम् नैतिक मूल्य मान्यता तथा सिप शिक्षाको प्रवर्द्धनसँग सम्वन्धित श्रव्य तथा श्रव्यदृश्य सामग्री

ग) अन्य सान्दर्भिक सामग्रीहरू ।

९. **कार्यक्रम सञ्चालन हुने विद्यालयः** (१) यो कार्यक्रम देहाय बमोजिमका सामुदायिक विद्यालयमा सञ्चालन गरिनेछः -

क) प्रदेश सरकारबाट नमूना विद्यालयको रुपमा विकास गर्न छनोट भई सहयोग गरिरहेका माध्यमिक विद्यालय र आवासीय कार्यक्रमका लागि सहयोग गरिरहेका सामुदायिक माध्यमिक विद्यालयहरुबाट कार्यक्रम सञ्चालन गरिनेछ। कार्यक्रम सञ्चालन पूर्व सम्बन्धित सरोकारवालाहरुलाई अभिमुखीकरण गरिनेछ।

ख) कक्षा १२ सम्म अध्यापन हुने सामुदायिक माध्यमिक विद्यालय हुनुपर्नेछ ।

ग) सामुदायिक विद्यालयको कक्षा ११ मा कम्तिमा २० जना विद्यार्थी नियमितरुपमा अध्यापन गरेको हुनु पर्नेछ।

घ) स्थानीय तहबाट यस किसिमका कार्यक्रम सञ्चालन भएका विद्यालयले आवेदन दिन पाउने छैनन् ।

१०. **कार्यक्रम कार्यान्वयन प्रक्रियाः** कार्यक्रम सञ्चालन प्रक्रिया देहायबमोजिम हुनेछः

(१) कार्यक्रम निर्देशनालय, शिक्षा तालिम केन्द्र, सामाजिक विकास कार्यालय, स्थानीय तह र विद्यालय मार्फत कार्यान्वयन गरिनेछ।

(२)स्थानीय तहसँगको समन्वय, सहकार्य र साझेदारी मार्फत समेत स्थानीय तहको सबै विद्यालयमा सञ्चालन गर्न सकिनेछ।

(३)प्रत्येक विद्यालयको प्रधानाध्यापक र शिक्षकहरुको लागि नैतिक तथा सिप शिक्षा सम्बन्धी विषय क्षेत्रमा क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ ।

(४)स्रोत सामग्री विकास गरी शिक्षकहरुको लागि प्रवोधिकरण गरिनेछ ।

(५)शिक्षा तालिम केन्द्र धुलिखेलबाट मानव मूल्य र Ethics शिक्षा सम्बन्धी तालिम लिइएका शिक्षकहरुको अभिलेखिकरण र परिचालन गरिनेछ ।

(६)नैतिक शिक्षा प्रवर्द्धनसँग सम्वन्धित कार्यक्रमको स्रोत सामग्री विकास गरी निर्देशनालयको वेवसाइटमा राखिने व्यवस्था गरिनेछ ।

(७)कार्यक्रम सञ्चालन हुने विद्यालयहरुमध्ये केही विद्यालयको आधार रेखा (Baseline) र (Endline) सर्भेक्षण गरिनेछ। सो को आधारमा कार्यक्रमलाई सुधार र परिमार्जन गरी सञ्चालन गरिदै लगिने छ।

(८)विद्यालयले अतिरिक्त क्रियाकलाप मार्फत नैतिक मुल्य मान्यता, देशभक्ति र आचारणसँग सम्वन्धित क्रियाकलाप मार्फत व्यवहारिक अभ्यास गराइने व्यवस्था गरिनेछ ।

(९)आधुनिक प्रविधिको प्रयोग गरी नैतिक शिक्षा सम्बन्धी कार्यक्रमको प्रवर्द्धन गरिनेछ ।

(१०)कार्यक्रम सञ्चालनका लागि विद्यालयसँग अनुसुची ३ बमोजिम सम्झौता गरी अनुदान उपलब्ध गराइनेछ

(११) कार्यक्रम सञ्चालनका लागि विद्यालयले देहायका कागजातहरु संलग्न गरी आवेदन दिनु पर्नेछः

क) विद्यालयको प्रस्तावपत्र, सिप शिक्षाको हकमा कार्यक्रम अन्तर्गत सञ्चालन गर्न चाहेको विषय र सञ्चालन गर्ने प्रक्रिया समावेश गरिएको प्रस्तावपत्र

ख) विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित स्थानीय तहको सहमति र प्रतिवद्धता सहितको सिफारिस पत्र

ग) विद्यालयको प्रोफाइल (विद्यालयमा सञ्चालन भएकोश शैक्षिक कार्यक्रम र विद्यार्थी सङ्ख्याको विवरण ।

११. **कार्यक्रम सञ्चालन प्रक्रियाः** (१) यो कार्यक्रम निर्देशनालय, शिक्षा तालिम केन्द्र, सामाजिक विकास कार्यालय, र विद्यालय मार्फत कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

(२) स्थानीय तहसँगको समन्वय, सहकार्य र साझेदारीमा सामुदायिक विद्यालयमा सञ्चालन गर्न सकिनेछ।

(३) सिप शिक्षा कार्यक्रम सञ्चालन हुने स्थानीय तह र विद्यालयका प्रधानाध्यापक वा कार्यक्रम संयोजकलाई कार्यक्रमको उद्धेश्य, कार्यान्वयन प्रक्रिया र व्यावसायमूलक सीप कार्यक्रमको पाठ्यक्रम /पाठ्यसामग्री लगायतका विविध पक्षमा अभिमुखीकरण गरिनेछ।

(४) स्थानीय तह र विद्यालयहरुको छनोट गरी तहाँको आवश्यकता पहिचान, प्रोफाइल विकास, तालिम र अनुगमनलगायतका कार्यहरु गर्न स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारीमा सञ्चालन गर्न सहयोग गरिनेछ ।

(५) शिक्षामा सिप कार्यक्रम सञ्चालनका लागि विद्यालयले सिपसँग सम्बन्धित सेवा प्रदायक संस्था मार्फत सेवा परामर्श खरिद गरी सञ्चालन गर्न सकिनेछ। आगामी दिनमा विद्यालयले विद्यालयकै शिक्षकलाई क्षमता अभिवृद्धि गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(६) सिप शिक्षा कार्यक्रम सञ्चालनका लागि प्रस्ताव र विषयक्षेत्रका आधारमा प्रति विद्यालय बढीमा रु २ लाख २५ हजार विद्यालयलाई उपलब्ध गराइनेछ।

**१२. शिक्षामा सिप कार्यक्रम सञ्चालनका लागि सेवा प्रदायक छनोट प्रक्रियाः** (१) सेवा प्रदायक संस्था वा व्यक्तिगत विज्ञ छनोटका लागि प्रचलित खरिद कानुनको अवलम्वन गर्नुपर्नेछ। सामान्यतया देहायको प्रक्रिया अवलम्वन गर्न सकिनेछ।

क) आवश्यक कागजातसहित सम्बन्धित विद्यालयमा सेवा प्रदायक सूचीकृत हुनु पर्नेछ।

ख) सूचीकृत सेवा प्रदायकमध्येबाट प्राविधिक तथा आर्थिक कोटेशन माग गर्नु पर्नेछ।

ग) मूल्याङ्कन समितिले गरेको प्राविधिक तथा आर्थिक पक्षको मूल्याङ्कनको आधारमा सेवा प्रदायक छनोट गर्नुपर्नेछ।

घ) छनोट भएका सेवा प्रदायकसँग विद्यालयले कार्यसम्पादनको प्रक्रिया, भुक्तानी प्रक्रिया लगायत समेटी कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

ङ) विद्यालयले कायदिश दिइसकेपछि सम्झौताअनुरूप सेवा प्रदायकले कार्य सञ्चालन गर्नु पर्नेछ। कार्य सम्पादन सम्पन्न भएपछि नियमानुसार भुक्तानी दिनुपर्नेछ।

## परिच्छेद-३

## संरचनात्मक व्यवस्था

**१३. निर्देशक समितिः** १)नैतिक तथा सीप शिक्षा प्रवर्द्धन कार्यक्रमका लागि आवश्यक नीति, योजना निर्माण एवम् मार्गदर्शन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | - अध्यक्ष |
| (ख) | विद्यालय शिक्षा हेर्ने महाशाखा प्रमुख, मन्त्रालय | - सदस्य |
| (ग) | निर्देशनालय रहेका जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख | - सदस्य |
| (घ) | निर्देशनालय रहेका स्थानीय तहको शिक्षा प्रमुख | - सदस्य |
| (ङ) | निर्देशक समितले मननोनयन गरेको शिक्षा विद् | - सदस्य |

(च) महानिर्देशक, निर्देशनालय – सदस्य सचिव

२) समितिको बैठकमा आवश्यकतानुसार बढीमा तीनजना विज्ञलाई आमन्त्रित सदस्यको रूपमा राख्न सकिनेछ ।

३) समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश सरकारद्वारा स्वीकृत कार्यसञ्चालन निर्देशिका अनुसार हुनेछ।

४) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१४. निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) नीति तथा योजना तर्जुमा गर्ने

(ख) स्थानीय तह र विद्यालयको छनोटका लागि सहजीकरण गर्ने

(ग) स्थानीय तहसँग समन्वय गर्ने

(घ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रमको मोडालिटी तय गर्ने

(ङ) अनुगमन तथा मूल्याङ्कन गर्ने ।

**१५. कार्यक्रम कार्यान्वयन समितिः** १) नैतिक तथा सिप शिक्षा कार्यक्रम कार्यान्वनका लागि देहाय बमोजिमको समिति रहनेछः-

(क) महानिर्देशक, निर्देशनालय -अध्यक्ष

(ख) निर्देशक, योजना हेर्ने महाशाखा निर्देशनालय -सदस्य

(ग) महाशाखा प्रमुख, योजना महाशाखा मन्त्रालय -सदस्य

(घ) निर्देशक समितिले मनोनयन गरेको विद्यालयको प्रधानाध्यापक -सदस्य

(ङ) अधिकृत, योजना तथा शिक्षा विकास शाखा, निर्देशनालय – सदस्य सचिव

२) समितिको बैठकमा आवश्यकतानुसार विज्ञसहित बढीमा तीनजना आमन्त्रित सदस्यको रूपमा राख्न सकिनेछ ।

३) समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश सरकारद्वारा स्वीकृत कार्यसञ्चालन निर्देशिका अनुसार हुनेछ।

४) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१६.कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

क) नैतिक तथा सिप शिक्षासम्बन्धी सामग्रीहरु विकास र प्रवोधिकरणका लागि निर्देशनालयलाई सहयोग र सहजीकरण गर्ने

ख) कार्यक्रम सञ्चालन हुने विद्यालयको अनुगमन तथा मूल्याङ्कन गर्ने

ग) कार्यक्रमको प्रभावकारीता अध्ययन गरी आवश्यकता अनुसार परिमार्जन गर्न सिफारिस गर्ने ।

घ) विकास गरिएका सामग्रीहरुको कार्यान्वयनमा आवश्यक सहजीकरण गर्ने।

## परिच्छेद-४

## सम्बद्ध निकायहरूको भूमिका

१७. **मन्त्रालयको भूमिका**:(१) कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः

(क) आवश्यक नीति, कार्यविधि र मापदण्ड तर्जुमा गर्ने

(ख) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने

(ग) कार्यक्रमको प्रभावकारिताका लागि नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित स्थानीय तहसंग आवश्यक समन्वय र सहजीकरण गर्ने

(घ) कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने।

१८. **निर्देशनालयको भूमिकाः** (१) कार्यक्रम कार्यान्वयनका लागि निर्देशनालयको भूमिका देहाय बमोजिम हुनेछः

(क) स्रोत सामग्री लगायतका सामग्रीहरुको विकास र प्रवोधिकरण गर्ने

(ख) कार्यक्रमको अभिमुखीकरण गर्ने

(ग) बेसलाइन र इन्डलाइन सर्भेक्षण गर्ने

(घ) अनुगमन, मूल्याङ्कन र प्रभावकारिता अध्ययन सम्बन्धी कार्य गर्ने, गराउने

(ङ) कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने

(च) कार्यक्रमका सिकाई एवम् असल अभ्यासहरू अन्य स्थानीय तहमा आदान प्रदान गर्ने ।

१९. **स्थानीय तहको भूमिकाः** (१) कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछः

(क) नैतिक तथा सिप शिक्षा सम्बन्धी कार्यक्रम संचालन गर्ने सङ्घ संस्थाहरूसँग आवश्यक समन्वय र सहजीकरण गर्ने

(ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक थप विद्यालयका लागि स्रोतको व्यवस्था गर्ने

(ग) कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्ने। कार्यक्रम कार्यान्वयनको अनुगमन गरी मूल्याङ्कन गर्ने र सोको प्रतिवेदन गर्ने ।

(घ) कार्यक्रमका सिकाइ एवम् असल अभ्यासहरू अन्य विद्यालयहरुमा आदान प्रदान गर्ने।

२०. **विद्यालयको भूमिकाः** १) कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको भूमिका देहाय बमोजिम हुनेछः

(क) शिक्षण सिकाइ मार्फत विद्यालयमा नैतिक मूल्य मान्यताको प्रवर्द्धन गर्ने

(ख) अतिरिक्त क्रियाकलापहरु मार्फत विद्यार्थीहरुमा नैतिक मूल्य मान्यताको विकास गर्न क्रियाकलापहरु सञ्चालन गर्ने

(ग) नैतिक शिक्षा सम्बन्धी प्रवर्द्धन कार्यक्रमलाई कार्यविधि बमोजिम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने

(घ) विद्यालयमा कार्यक्रमको सम्पर्क व्यक्ति तोक्ने ।

(ङ) कार्यक्रम कार्यान्वयनका लागि योजना निर्माण, कार्यान्वयन र अनुगमन तथा मूल्याङकनमा नेतृत्वदायी भूमिका लिने

(च) सीप शिक्षामा सहभागी विद्यार्थीहरुको प्रोफाइल विकास र अध्यावधिक गर्ने

(छ) सेवा प्रदायक संस्था वा व्यक्तिगत विज्ञ छनोट, सम्झौता, कायदिश र भुक्तानी गर्ने

(ज) प्रशिक्षक, सम्पर्क शिक्षकलगायत सम्बन्धित सेवा प्रदायकहरूको कामको अनुगमन, मूल्याङ्कन र प्रतिवेदन गर्ने ।

२१. **फोकल शिक्षकको भूमिकाः** १) फोकल शिक्षकको भूमिका देहायबमोजिम हुनेछः

(क) विद्यार्थीहरूका समूह तथा उपसमूहहरू निर्माणमा समन्वय र सहजीकरण गर्ने

(ख) विद्यार्थीहरूलाई कार्यक्रमका सम्बन्धमा सचेतीकरण गर्ने

(ग) आवश्यक अभिमुखीकरण तथा तालिमहरूमा सक्रिय सहभागिता जनाउने

(घ) कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्थापन गर्ने

(ङ) विद्यार्थीसँगै क्रियाकलापहरूमा सहकार्य र सक्रिय सहभागि हुने

(च) प्रत्येक दिनको कार्यक्रमको छोटो सारांश तयारी र रिपोर्टिङ र अभिलेखीकरण गर्ने ।

## परिच्छेद-५

## विविध

२२. **अनुगमन, मूल्याङ्कन र सिकाइः** (१) विद्यालय व्यवस्थापन समिति, स्थानीय तह, निर्देशनालय र मन्त्रालय लगायतका निकायबाट कार्यक्रमको निरन्तर अनुगमन तथा मूल्याङ्कन हुनेछ। कार्यक्रम कार्यान्वयनमा संलग्न सरोकारवालाले उत्तरदायित्व वहन गर्ने र कार्यक्रमका सिकाइ एवम् असल अभ्यास आदान प्रदान गर्ने परिपाटीको व्यवस्था गरिनेछ। कार्यक्रमबाट विद्यार्थीहरुमा भएका सकारात्मक तथा प्रमुख परिवर्तन (Most significant change) हरूको पहिचान गरी थप प्रभावकारी बनाउन आवश्यक साधनहरूको विकास र प्रयोग गरिनेछ।

(२) विद्यालयहरुले वार्षिक प्रतिवेदन तयार गरी स्थानीय तह र निर्देशनालयमा पठाउनु पर्नेछ।

२३. **अभिलेख व्यवस्थापनः** नैतिक तथा सिप शिक्षा प्रवर्द्धन कार्यक्रममा सहभागी विद्यालय, शिक्षक र विद्यार्थीहरुको अभिलेखीकरणका लागि उपयुक्त प्रणालीको विकास गरी अध्यावधिक गर्ने व्यवस्था निर्देशनालयले गर्नेछ।

२४. **बजेटः कार्यक्रम** सञ्चालनका लागि खर्चका आधार अनुसूची १ र ४ वमोजिम हुनेछ।

२५. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा अन्यत्र जसनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमसँग सम्बन्धित विभिन्न कार्यहरू गर्दा तथा रकम भुक्तानी एवम् फरफारक तथा लेखा परीक्षण गर्दा सार्वजनिक

खरिद ऐन, २०६३, खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून प्रतिकूल नहुने गरी गर्नुपर्नेछ ।

२६. **कार्यविधि संशोधन तथा परिमार्जनः** यस कार्यविधिमा उल्लेख भएका विषयमा आर्थिक दायित्व आवश्यक पर्ने सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई र अन्य कुनै बाधा अड्काउ परेमा वा संशोधन गर्नु परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ।

## अनुसूची १

### दफा २४ सँग सम्बन्धित

कार्यक्रम सञ्चालनका लागि खर्च गर्ने आधारहरू

### नैतिक मूल्य मान्यता प्रवर्द्धन कार्यक्रम

- बैठक भत्ता, कार्याशाला गोष्ठी र अभिमुखीकरणको लागि  स्टेशनरी ,खाजा खर्च र प्रशिक्षण लगायतको खर्च प्रदेश सरकारको स्वीकृत मापदण्ड अनुसार
- पाठ्यसामग्री र स्रोत सामग्रीको विकासः प्रदेश सरकारले स्वीकृत गरेको पाठ्यक्रम तथा पाठयसामग्री विकास सम्बवन्धी कार्यविधि २०७७ बमोजिम र प्रदेश सरकारको स्वीकृत मापदण्ड अनुसार
- विद्यालयको प्रोफाइल विकास र कार्यक्रम सञ्चालन
- विद्यार्थीहरुको लागि अभिमुखीकरण र अभ्यास
- आधार रेखा (Base line) र अन्तिमरेखा (Endline) सर्भेक्षणका लागि तथ्याङ्क सङ्कलन र अभिलेखिकरण
- अभिमुखीकरण कार्यशाला र तालिम कार्यक्रम सञ्चालन लागत
- निर्देशन, कार्यक्रम कार्यान्वयन र अनुगमन समितिको प्रदेश सरकारको स्वीकृत मापदण्ड अनुसार
- अनुगमन तथा सुपरीवेक्षणः स्वीकृत नियमानुसार
- प्रतिवेदन विकास र प्रकाशन
- अनुसन्धान
- अन्यः प्रदेश सरकार र नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम हुने
- वस्तु, सेवा र परामर्श खरिद प्रचलित खरिद ऐन २०६३ तथा नियमावली २०६४ र प्रदेश खरिद नियमावली बमोजिम हुने।

# अनुसुची २

## दफा ६ को उपदफा १ (घ) सँग सम्बन्धित

## सामुदायिक विद्यालयमा सीप शिक्षा कार्यक्रम अन्तर्गतका सीपका विषयक्षेत्र

सामुदायिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरुको लागि सीप शिक्षा कार्यक्रम अन्तर्गत सिप विकासका प्रारम्भिक तथा छोटा अवधिका मोडुलर तालिम प्याकेजहरू सञ्चालन गरी विद्यार्थीहरूमा श्रम र सिप प्रतिको अभिमुखीकरणका कार्यक्रम सञ्चालन हुनेछन् । शिक्षामा सिपका लागि विषयक्षेत्र/विधा निम्न तालिकामा उल्लेखित हुनेछन्। प्रत्येक विषयक्षेत्र/विधाको सिकाइ सहजीकरण पुस्तिका तयार गरिनेछ। निर्देशनालयले सहजीकरण पुस्तिका तयार नगर्दासम्म तपिसलका विषयक्षेत्र/विधामा अन्य निकायले तयार गरेका सामग्रीहरु उपयोगमा ल्याउन सकिनेछ। प्रत्येक उपसमूहको सिकाइका लागि वार्षिक कार्यघण्टा १०० हुनेछ ।जसमा ७५ घण्टा प्रशिक्षकको प्रत्यक्ष सहजीकरणमा र २५ घण्टा बराबरको परियोजना कार्य गराउनु पर्नेछ।

| क सं | सिप विकासका विषय क्षेत्र |
|---|---|
| 1 | Agriculture and Urban Farming |
| 2 | Beautician and Hair Style |
| 3 | Carpentry and Wood Carving |
| 4 | Culinary Arts |
| 5 | Fashion Design and Clothing Construction |
| 6 | House Wiring and Electrical |
| 7 | Indigenous and Contemporary Masonry (Disaster Readiness) |
| 8 | Mobile and Electronics |
| 9 | Plumbing |
| 10 | Sketching and Sculpture |
| 11 | ………………………………….. |

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची – ३

**(दफा १० को उपदफा १० सँग सम्बन्धित)**

**सम्झौता पत्र**

शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा (यसपछि प्रथम पक्ष भनिएको) र ..........................जिल्लाको ............................................ गाउँपालिका/नगरपालिका...............................विद्यालय (यसपछि द्वितीय पक्ष भनिएको) बिच **सामुदायिक विद्यालयमा नैतिक तथा सीप शिक्षा कार्यक्रम** सञ्चालनका लागि तपसिलका शर्तहरू पालना गर्ने गरी यो सम्झौता गरिदियौं/लियौं ।

क. प्रथम पक्षले पालना गर्नुपर्ने शर्तहरुः-

१. दोस्रो पक्षले पेश गरेको प्रस्तावका आधारमा नैतिक शिक्षा तथा सीप शिक्षा प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि अधिकतम एक लाख रुपैया सम्म र सीप शिक्षा कार्यक्रमका लागि अनुसूची ४ बमोजिम अधिकतम रु......................... गरी जम्मा रु...................... अनुदान उपलव्ध गराइनेछ ।

२. विद्यालयलाई कार्यक्रम सञ्चालनका लागि सम्झौता भए पश्चात् पहिलो किस्तामा ५० प्रतिशतले हुन आउने रकम विद्यालयको खातामा अनुदान निकासा दिइनेछ बाँकी ५० प्रतिशतसम्मको रकम कार्य सम्पन्न गरेपछि बिल भरपाई बमोजिम विद्यालयको खातामा अनुदान रकम निकासा गरिनेछ ।

३. तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा अन्तिम किस्ता रकम निकासा दिन प्रथम पक्ष बाध्य हुने छैन ।

४. सम्झौता विपरीत कार्य गरेको पाइएमा प्रथम पक्षले जुनसुकै बेला यो सम्झौता रद्द गर्नेछ। सम्झौता रद्द भएमा दिइएको अनुदान रकम सम्बन्धित विद्यालयबाट फिर्ता गर्नु पर्नेछ ।

ख. दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरूः-

१) नैतिक तथा सिप शिक्षा कार्यक्रम कार्यान्वयन गर्न प्रचलित खरिद कानुन बमोजिम सेवा प्रदायक संस्था वा व्यक्तिगत विज्ञ छनोट गर्ने

२) नैतिक तथा सीप शिक्षा कार्यक्रम सञ्चालनका लागि समयतालिकासहित आश्यक व्यवस्थापन गर्ने

३) फोकल पर्सन शिक्षक छनोट गरी तालिमको लागि सिफारिस गर्ने,

४) विद्यार्थीहरुलाई सिप शिक्षा सम्बन्धी परियोजना कार्यक्रम सञ्चालन गर्ने

५) उल्लेखित अनुदान रकम दोस्रो पक्षले निम्न शीर्षकमा खर्च गर्नु पर्नेछः-

क. सेवा प्रदायक संस्था वा प्रशिक्षकको पारिश्रमिक

ख. विद्यार्थीहरुमा परियोजना कार्य सञ्चालन सम्बन्धी कार्यक्रम

ग. नैतिक तथा सिप शिक्षा कार्यक्रम सम्बन्धी शिक्षण सिकाइ कार्यक्रम सञ्चालन

घ. कार्यक्रम कार्यान्वयनका लागि समन्वय, सहजीकरण र व्यवस्थापन गर्न ।

६) सम्बन्धित शीर्षकमा छुट्याइएको रकम सम्बन्धित शीर्षकमा नै खर्च गर्नुपर्नेछ। तोकिएको शीर्षकमा तोकिएको रकम अपुग भई थप गर्नुपर्ने भएमा सम्बन्धित विद्यालयले नै व्यवस्थापन गर्नुपर्नेछ।

**७) दोस्रो पक्षले ............................. हप्ताभित्र कार्य सम्पन्न गरी ...................................भित्र विलभरपाई अनिवार्य रुपमा पेस गरिसक्नुपर्नेछ।**

८) विद्यालयले सम्झौता भएको सात दिनभित्र कार्य प्रारम्भ गर्नु पर्नेछ ।

९) प्रभावकारी रूपमा कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी विद्यालयको हुनेछ ।

१०) विद्यालयले यो कार्यक्रम सञ्चालन पूर्वको अवस्था र कार्यक्रम सम्पन्न भए पश्चातको अवस्थाको विश्लेषण गरी कार्यक्रमको प्रभावकारिताको मूल्याङ्कन गरी अन्तिम प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नु पर्नेछ ।

११) नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजनिक खरिद ऐन, नियमावली तथा कार्यविधिअनुसार गर्नु गराउनुपर्नेछ ।

१२) खरिद भएका सामग्रीको जिन्सी दाखिला गर्ने, सामग्रीको उपयोग तथा सोको रेखदेख र उचित मर्मत सम्भार गर्ने कार्य स्वतः विद्यालयको ।

१३) दोस्रो किस्ता माग गर्दा निम्न कागजातहरू पेस गर्नु पर्नेछः-

- सञ्चालन गरिएको कार्यक्रमको माइन्युट, बिल भरपाईको प्रमाणित प्रतिलिपि
- नैतिक तथा सिप शिक्षा कार्यक्रम कार्यान्वयन भएको माइन्यूटको प्रमाणित प्रतिलिपि
- सञ्चालन भएका क्रियाकलाप र खरिद गरी दाखिला गरिएका सामानहरूको विवरण
- कार्य सम्पन्न गर्दा गरेको सम्पूर्ण क्रियाकलापहरु समावेश गरी शीर्षकगत यथार्थ खर्च भएको रकम सहितको कार्य सम्पन्न प्रतिवेदन (कार्यक्रम सम्बन्धी तस्वीरहरु सहितको समग्र प्रतिवेदन) ।

**सम्झौता गर्ने व्यक्तिहरू**

**प्रथम पक्ष**

शिक्षा विकास निर्देशनालयको तर्फबाटः

१. महानिर्देशकको नामः

हस्ताक्षर...................................

१. महाशाखा/शाखा प्रमुख

नामः

हस्ताक्षर

**दोस्रो पक्ष**

विद्यालयको तर्फबाटः

१ प्रधानाध्यापकको नामः

हस्ताक्षर...............................

रोहवर

१ विद्यालय व्यवस्थापन समितिको अध्यक्ष

नाम

हस्ताक्षर

कार्यालयको छापः

सम्झौता सम्पन्न भएको मितिः ................ /...../.....

डा. ... चन्द्र ...
मन्त्री

अनुसूची ४

दफा २४ सँग सम्बन्धित

सामुदायिक विद्यालयमा सीप शिक्षा कार्यक्रम सञ्चालनका लागि खर्च गर्ने आधारहरू

क) निर्देशनालयबाट हुने कार्यक्रम व्यवस्थापन

- वस्तु, सेवा र परामर्श खरिद प्रचलित खरिद ऐन २०६३ तथा नियमावली २०६४ र प्रदेश खरिद नियमावली बमोजिम हुने।
- बैठक भत्ता, कार्याशाला गोष्ठी र अभिमुखीकरणको लागि स्टेशनरी ,खाजा खर्च र प्रशिक्षण लगायतको खर्च प्रदेश सरकारको स्वीकृत मापदण्ड अनुसार
- अभिमुखीकरण कार्यशाला र तालिम कार्यक्रम सञ्चालन लागत
- पाठ्यसामग्री/स्रोत सामग्रीको विकासः प्रदेश सरकारले स्वीकृत गरेको पाठ्यक्रम तथा पाठयसामग्री विकास सम्बन्धी कार्यविधि २०७७ बमोजिम र प्रदेश सरकारको स्वीकृत मापदण्ड अनुसार ।

ख) विद्यालय

- सीप शिक्षा कार्यक्रमसँग सम्वन्धित क्षेत्रमा कार्य गरिरहेका संघ संस्था वा व्यक्तिहरु मार्फत सेवा लिने ।
- सीप कार्यक्रमको प्रशिक्षणका लागि प्रशिक्षकको पारश्रमिक
- सीप्र कार्यक्रमका लागि आवश्यक सामग्रीहरुको खरिद तथा व्यवस्थापन
- विद्यालयले यस कार्यक्रम अन्तर्गत खरिद गरिएका मालसामान तथा सेवाको प्रचलित कानून बमोजिम जिन्सी दाखिला गर्नु पर्नेछ ।
- विज्ञ प्रशिक्षकका रूपमा व्यक्तिसँग विद्यालयले सेवा लिनुपर्ने भएमा योग्यता सुनिश्चित गरी सुचिकृत विज्ञ मध्येबाट पारिश्रमिक तोकी सम्झौता गरी सेवा लिन सकिने छ। विज्ञको सेवा लिँदा प्रति शुक्रवार अधिकतम रू.२००० मा नवढ्ने गरी वा प्रदेश सरकारको खर्च मापदण्ड बमोजिम भुक्तानी गर्नुपर्ने। सीप शिक्षा कार्यक्रमका लागि प्रतिसमूह अधिकतम देहायबमोजिमका दरले बिद्यालयलाई रकम निकासा गरिनेछः

| क स | विषय क्षेत्र | बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | एग्रीकल्चर एण्ड अर्बान फार्मिङ | १९७१८५।- | |
| २ | ब्युटिसियन एण्ड हेयर स्टाइल | २२४३०५।- | |
| ३ | कार्पेन्ट्री एण्ड वुडकार्भिङ | २३७३००।- | |
| ४ | कुलिनरी आर्ट्स | २३७३००।- | |
| ५ | फेसन डिजाइन एण्ड क्लोथ कन्स्ट्रक्सन | २३७३००।- | |
| ६ | हाउस वायरिङ एण्ड इलेक्ट्रिकल | १९८८८०।- | |
| ७ | इन्डिजेनियस एण्ड कन्टेम्परारी मेसनरी | २१४१३५।- | |
| ८ | मोबाइल एण्ड इलेक्ट्रोनिक्स | २११८७५।- | |
| ९ | प्लम्बिङ | २४४६४५।- | |
| १० | स्केचिङ एण्ड स्कल्प्चर | २३७३००। | |

बागमती प्रदेश सरकार स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

मा. ... मन्त्री

| | | | |
|---|---|---|---|
| ११ | अन्य | २२५०००। | |

- विद्यालयले सेवा प्रदायक संस्था वा व्यक्तिहरुलाई पारिश्रमिकको रुपमा अधिकतम रु ५०,००० सम्म भुक्तानी गर्ने सक्नेछ । विद्यालयले छनौट गर्ने प्रशिक्षकको न्यूनतम योग्यता सम्बन्धित विषयमा डिप्लोमा हासिल गरी सोही क्षेत्रमा कम्तिमा ३ वर्ष अनुभव हासिल गरेको हुनुपर्नेछ । प्रशिक्षकको पारिश्रमिक दैनिक कर सहित रु.२०००।हुनेछ ।
- विद्यालयलाई व्यवस्थापकीय खर्च प्रति समूह बढीमा रू.२५ हजार मात्र भुक्तानी दिन सकिनेछ। जसमा समूहगत सामग्री व्यवस्थापन खर्च रू.१९,२५०,फोकल शिक्षकका लागि खाजा खर्च प्रति दिन रू.१५० का दरले रू.३७५० र फोकल शिक्षकले आफू रहेको समूहको प्रतिवेदन पेस गरे वापत रू.२००० व्यवस्थापन गर्नु पर्नेछ ।
- आवासीय विद्यालयले आवासमा बस्ने विद्यार्थीहरुको लागि विशिष्टीकृत सीप विकास कार्यक्रम समेत सञ्चालन गर्नसक्नेछन। प्रदेश सरकारको खर्च मापदण्डको अधिनमा रहि सो कार्यक्रम सञ्चालन गर्ने कार्यढाँचा र अनुमानित लागत प्रस्तावपत्रमा अनिवार्य खुलाउनुपर्नेछ ।